**मिति २०७०।२।१३ मा मन्त्रिपरिषद् राजनैतिक समितिका निर्णयहरू–**

१. हातहतियारको मुआब्जा सम्बन्धी निर्देशिका, २०७० स्वीकृत गर्ने स्वीकृत गर्ने विषयको गृह मन्त्रालयको नं. ७।८-०७०।१।१९ मं.प.बै.सं. ४-०७० मिति २०७०।१।२६ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, राजनैतिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।" निर्णय भएअनुसार उक्त विषय आजको बैठकमा छलफल हुँदा प्रस्तावसाथ संलग्न "हातहतियारको मुआब्जा सम्बन्धी निर्देशिका, २०७०" को सट्टा छलफलका क्रममा उठेका विषयहरूसमेत समावेश गरी परिमार्जन गरिएको यसैसाथ संलग्न "हातहतियारको मुआब्जा सम्बन्धी मापदण्ड, २०७०" स्वीकृत गर्ने ।

**मिति २०७०।३।३० मा मन्त्रिपरिषद् राजनैतिक समितिका निर्णयहरू–**

१. अति विशिष्ट तथा विशिष्ट व्यक्तिको सुरक्षा व्यवस्थापन कार्यविधि, २०६९ स्वीकृत गर्ने विषयको गृह मन्त्रालयको नं. ७।१०९-०६९।११।९ को प्रस्ताव मं.प.बै.सं.६१/०६९ मिति २०६९।११।१० को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, राजनैतिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।" निर्णय भएअनुसार उक्त विषयमा मिति २०७०।२।१३ को बैठकमा छलफल हुँदा छलफलका क्रममा उठेका विषयहरूसमेत समावेश गरी गृह सचिवले परिमार्जित कार्यविधि अर्को बैठकमा पेश गर्ने निर्णय भएबमोजिम उक्त विषय आजको बैठकमा छलफल हुँदा छलफलका क्रममा उठेका विषयहरूसमेत समावेश गरी परिमार्जन गरिएको यसैसाथ संलग्न "अति विशिष्ट तथा विशिष्ट व्यक्तिको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७०" स्वीकृत गर्ने ।

२. नेपाल सरकार र जनतान्त्रिक तराई मुक्तिमोर्चा (पृथ्वी समूह) को वार्ता टोली बीच भएको ५ बुँदे सहमति अनुमोदन गर्ने विषयको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको नं. १७।२-०७०।१।२६ को प्रस्ताव मं.प.बै.सं. ६/०७० मिति २०७०।२।२ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, राजनैतिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।" निर्णय भएअनुसार उक्त विषय आजको बैठकमा छलफल हुँदा प्रस्तावमा लेखिएबमोजिम गर्ने।

३. राष्ट्रिय मानव अधिकार आयोगको सिफारिसबमोजिम क्षतिपूर्ति उपलव्ध गराउने विषयको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको नं. १७।४-०७०।२।९ को प्रस्ताव मं.प.बै.सं. ९/०७० मिति २०७०।२।१६ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, राजनैतिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।" निर्णय भएअनुसार उक्त विषयमा आजको बैठकमा छलफल हुँदा प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४. नेपाल सरकार र किरात जनवादी वर्कर्स पार्टीबीच भएको ५ (पाँच) बुँदे सहमति अनुमोदन गर्ने विषयको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको नं. १७।७-०७०।३।२० को प्रस्ताव मं.प.बै.सं. १५/०७० मिति २०७०।३।२० को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, राजनैतिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।" निर्णय भएअनुसार उक्त विषयमा आजको बैठकमा छलफल हुँदा प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

**मिति २०७०।४।२१ मा मन्त्रिपरिषद् राजनैतिक समितिका निर्णयहरू–**

२. सेनाको लोकतान्त्रिकरण कार्ययोजना तर्जुमा तथा सुरक्षा संयन्त्र सुधार सुझाव समितिको प्रतिवेदन विषयको रक्षा मन्त्रालयको प्रस्ताव मं.प.बै.सं. २२-०६७ मिति २०६७।६।१२ को मन्त्रिपरिषद्को

बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, राजनैतिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।" निर्णय भएअनुसार देहायबमोजिम गर्ने—

(क) "नेपाली सेनाको लोकतान्त्रिकरणका लागि विस्तृत कार्ययोजना, २०६७" सन्दर्भमा मिति २०६७।९।११ को मन्त्रिपरिषद्, राजनैतिक समितिको बैठकमा छलफल हुँदा "राजनैतिक सहमतिका लागि व्यवस्थापिका-संसद्मा प्रतिनिधित्व गर्ने सबै राजनैतिक दलहरूलाई पठाउने र सुझावका लागि व्यवस्थापिका-संसद्को राज्य व्यवस्था समितिसमक्ष पेश गर्ने" निर्णय भएको र मन्त्रिपरिषद्को मिति २०६८।६।१० को बैठकबाट उक्त कार्ययोजना फिर्ता माग गर्ने निर्णय भएकोमा उक्त विषय आजको बैठकमा पेश हुँदा पछि छलफल गर्ने ।

(ख) राष्ट्रिय सुरक्षा नीति, २०६७ का सम्बन्धमा मिति २०६८।१२।१४ मा बसेको मन्त्रिपरिषद्, राजनैतिक समितिको बैठकमा छलफल हुँदा मा. उपप्रधानमन्त्री एवं गृह र रक्षा मन्त्रीको संयोजकत्वमा मा. भौतिक योजना तथा निर्माणमन्त्री र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव रहेको उपसमिति गठन गरि परिमार्जित प्रतिवेदन समितिसमक्ष पेश गर्ने निर्णय भएअनुसार उक्त उपसमितिले हालसम्म प्रतिवेदन पेश नगरेको हुँदा पछि छलफल गर्ने ।

(ग) गृह मन्त्रालयअन्तर्गतका सुरक्षा निकायमा गर्नुपर्ने सुधार एवं सुदृढीकरणसम्बन्धी सुझावहरू, २०६७ आजको बैठकमा पेश हुँदा पछि छलफल गर्ने ।

३. नेपाल सरकार र संयुक्त जातीय मुक्ति मोर्चा नेपालबीच भएको ५ (पाँच) बुँदे सहमति अनुमोदन गर्ने बिषयको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको १७।५-०७०।३।१२ को प्रस्ताव मं.प.बै.सं. १४-०७० मिति २०७०।३।१३ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, राजनैतिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।" निर्णय भएअनुसार उक्त विषय आजको बैठकमा छलफल हुँदा प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

द्रष्टव्य — निर्णयसँग सम्बन्धित अन्य थप विवरण आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ।